# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं चैत्र २७ गते, २०६९ साल (अतिरिक्ताङ्क २७

## भाग २

नेपाल सरकार

**कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०६९ सालको अध्यादेश नं. १०

### आर्थिक वर्ष २०६९/०७० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : आर्थिक वर्ष २०६९/०७० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०६९" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०६९/०७० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०६९/०७० को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ३,५३,५२,९०,४३,०००।- (अक्षरेपी तीन खर्ब त्रिपन्न अर्ब वाउन्न करोड नब्बे लाख त्रिचालिस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६९/०७० को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखत निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. **स्थानीय निकायलाई दिइने नि:शर्त अनुदान सम्बन्धी व्यवस्था** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने नि:शर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ। यस्तो रकमबाट भएको खर्चको अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र केन्द्रीय लेखा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

५. <u>खारेजी र बचाउ</u> : (१) सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको अध्यादेशबाट विनियोजन भएको कूल रकमलाई यस अध्यादेशमा समायोजन गरिएको छ ।

(३) उपदफा (१) बमोजिमको अध्यादेश अनुसार भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, काठमाडौं

## अनुसूची - १
(दफा २ सँग सम्बन्धित)

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम

सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ४५२२ | ० | ४५२२ |
| २ | १०२ | उपराष्ट्रपति | ४३९४ | ० | ४३९४ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | ५३०५ | ० | ५३०५ |
| ४ | २०४ | अदालत | २२०५२१ | ० | २२०५२१ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १२१८६४ | ० | १२१८६४ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २११४६० | ० | २११४६० |
| ७ | २१० | लोक सेवा आयोग | २८१९१९ | ० | २८१९१९ |
| ८ | २१२ | निर्वाचन आयोग | २४९९६६ | ० | २४९९६६ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ९५५०० | ० | ९५५०० |
| १० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १४८९७१६५ | १५००५३५० | २९९०२५१५ |
| ११ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३५२७१३१ | १२२४११३९ | १५७६८२७० |
| १२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ८१४८४७ | ३६०४५७४ | ४४१९४२१ |
| १३ | ६०२ | अर्थ मन्त्रालय - विविध | १०००० | ० | १०००० |
| | | जम्मा | २०४४४५९४ | ३०८५१०६३ | ५१२९५६५७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - २

(दफा २ र ३ सँग सम्बन्धित)

## सञ्चित कोषबाट खर्च हुने रकम

रू.हजा?मा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ५०७४५ | १६४१०५ | | २१४८५० |
| २ | १०२ | उपराष्ट्रपति | १९१४७ | ७३०३ | | २६४५ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | १७४५०५ | २३७१ | | १७६८७६ |
| ४ | २०४ | अदालत | १२४३६१६ | ३०२१७१ | | १५४५७८७ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८३१७ | २३६२ | | १०६७९ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ८८५१ | ५८८६८ | | ६७७१९ |
| ७ | २१० | लोक सेवा आयोग | १३६९४ | ३१३३८ | | ४५०३२ |
| ८ | २१२ | निर्वाचन आयोग | २०८७१२२ | १०२३९७६ | | ३१११०९८ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | | २३४६ | | २३४६ |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | २७०२१७ | ६५०३५ | | ३३५२५२ |
| ११ | २१८ | न्याय परिषद् | १३२९० | ७२०३ | | २०४९३ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३६०६७१७ | ९२९३७२ | | ४५३६०८९ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | ३४८२०७१ | ४७२३३० | | ३९५४४०१ |
| १४ | ३०७ | उद्योग मन्त्रालय | १०६६१०७ | ४६५७६० | | १५३१८६७ |
| १५ | ३०८ | उर्जा मन्त्रालय | ४१९७०९ | २२५९९५ | | ६४५७०४ |
| १६ | ३११ | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ५७६४३ | १०५७० | | ६८२१३ |
| १७ | ३१२ | कृषि विकास मन्त्रालय | ११३३९३६६ | ९५७७७५ | | १२२९७१४१ |
| १८ | ३१४ | गृह मन्त्रालय | २१७५६३३५ | १७४२०९९ | | २३४९८४३ |
| १९ | ३२५ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १३६९२४४ | ४३५८२६ | | १८०५०७० |
| २० | ३२६ | परराष्ट्र मन्त्रालय | २०७१९९० | ११२५५१ | | २१८४५४१ |
| २१ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | ३६५७१२४ | १३५००८६ | | ५००७२१० |
| २२ | ३३० | बाणिज्य तथा आपूर्ति मन्त्रालय | १३१५१६९ | ३९५२६ | | १३५४६९५ |
| २३ | ३३१ | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | २७७७७६९ | २३८२०६ | | ३०१५९७५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू.हजा?मा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| २४ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १४२३५१४ | ४१२०१२ | | १८३५५२६ |
| २५ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ३२५८०६१ | २७३४१५४८ | | ३०५९९६०९ |
| २६ | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ८९०७२९ | १३१६६७ | | १०२२३९६ |
| २७ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | ६६३५८५ | ७८१ | | ६६४३६६ |
| [illegible] | ३४५ | रक्षा मन्त्रालय | १९४६७७५८ | १९६९९१० | | २१४३७६६८ |
| २९ | ३४७ | शहरी विकास मन्त्रालय | ५६१७५९३ | ५२७५९४५ | | १०८९३५३८ |
| ३० | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ११५५४११६ | १०२५०१८ | | १२५७९१३४ |
| ३१ | ३५० | शिक्षा मन्त्रालय | ६३२४८७६८ | १८२६२९ | | ६३४३१३९७ |
| ३२ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७४०२५५ | ६४९८१ | | ८०५२३६ |
| ३३ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | ४५५८७३ | १९५०९ | | ४७५३८२ |
| ३४ | ३५७ | सिंचाइ मन्त्रालय | ७७६८७७ | १०४७१२६५ | | ११२४८१४२ |
| ३५ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | २४५३४१७ | २९२३५८ | | २७४५७७५ |
| ३६ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ३२४९६९१५ | ४२४७०३३ | | ३६७४३९४८ |
| ३७ | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १७०७०९५१ | ३१६९४१० | | २०२४०३६१ |
| ३८ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ३५३४८५ | २२०९९ | | ३७५५८४ |
| ३९ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | ५३७५०३ | ६१२१४ | | ५९८७१७ |
| ४० | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | | | २८८२७८११ | २८८२७८११ |
| ४१ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ३०२९४९५६ | | | ३०२९४९५६ |
| ४२ | ६०२ | अर्थ मन्त्रालय - विविध | १०४५३५१८ | २८०००५७ | | १३२५३५७५ |
| जम्मा | | | २५८५६६६२२ | ६६१३४६१० | २८८२७८११ | ३५३५२९०४३ |

आज्ञाले,

भेषराज शर्मा

नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति :- २०६९।१२।२७।३